नेपाली

भिविन्न देशका बिदेशीहरुको लागि समाचार

Vol.29 | 2022.12



# Ota City Navigation


## सेन्तो (पब्लिक बाथहाउस) र हानेदा इनोभेसन सिटी (HICity) को आसियु (फुटबाथ) को परिचय

### [सेन्तो (पब्लिक बाथहाउस) र सेन्तो (पब्लिक बाथहाउस) प्रयोग गर्ने तरिका सम्बन्धी जानकारी]



©Ota City

ओता सहरमा 34 वटा सेन्तो (पब्लिक बाथहाउस) हरू छन् जुन टोक्यो महानगरपालिकाको 23 सहरहरू मध्ये सबैभन्दा धेरै हो। ती मध्येका 14 वटा सेन्तो (पब्लिक बाथहाउस) हरू कालो रङ्गको तातो पानी भएको ओन्सेन हुन् र यो पुरातन समुद्री पानीबाट उत्पन्न भएको "जीवाश्म पानी" हो भनेर भनिन्छ। सेन्तो (पब्लिक बाथहाउस) को विशेषता मियाजुकुरी शैलीको बाहिरी स्वरूप र उच्च सिलिङ हो। बाथटबको तातो पानीमा बसेको बेला पौडी खेलिरहेको माछा देखिने अत्याधुनिक चीजहरू भएको सेन्तो (पब्लिक बाथहाउस) पनि छ। साथै बबल बाथ (ज्याकुजी), मेडिसिनल बाथ, सुगन्धित तातो पानीको बाथ, साउना लगायत डिसेम्बरमा युजु बाथ, फेब्रुअरीमा बोन्तान बाथ आदिको आनन्द लिन सकिने सेन्तो (पब्लिक बाथहाउस) पनि छ। ओता स्नानगृह संघको HP पनि हेर्नुहोस्। सेन्तो (पब्लिक बाथहाउस) भएको ठाउँ थाहा पाउन सकिन्छ।



### 銭湯特区 तोउजीको (एक वर्षमा सबैभन्दा छोटो दिन हुने) दिन (डिसेम्बर 22 तारिख) मा गरिन्छ (नगरिने सेन्तो (पब्लिक बाथहाउस) पनि हुन्छन्)


सार्वजनिक सेन्तो (पब्लिक बाथहाउस) युजु बाथ


मियाजुकुरी शैलीको बाहिरी स्वरूप (म्योजिन बाथ)

हामीले विदेशी नागरिकहरूले पनि जापानको संस्कृतिको रूपमा एदो युगदेखि चलिआएको "सेन्तो (पब्लिक बाथहाउस)" को मज्जा लिन सकून भनेर सेन्तो (पब्लिक बाथहाउस) प्रयोग गर्ने तरिकाबारे भिडियो बनाएका छौं।

**उद्योग प्रवर्द्धन शाखा**
☎ 03-5744-1373　FAX 03-6424-8233
E-mail　shogyo@city.ota.tokyo.jp

**पर्यटन शाखा ("सेन्तो (पब्लिक बाथहाउस)" प्रयोग गर्ने तरिकाको भिडियोबारे सोधपुछको लागि यहाँ)**
☎ 03-5744-1322　FAX 03-6424-9922
E-mail　kanko@city.ota.tokyo.jp

"हानेदा इनोभेसन सिटी (HICity) आसियु (फुटबाथ) स्काइ डेक" को बाँकी परिचय दोस्रो पृष्ठमा छ।

## [विदेशी भाषामा मानव अधिकार परामर्श डायल सम्बन्धी जानकारी]

विदेशी नागरिक भएको कारण रोजगार नदिइएको, विद्यालयमा बच्चालाई गिजाउने, तर्साउने, हेप्ने आदि (इजिमे) गरिएको, अपार्टमेन्टमा नराखिएको जस्ता कुराहरूबारे चिन्तित व्यक्तिहरूको लागि

विदेशी भाषामा परामर्श लिन सकिने न्याय मन्त्रालयको "विदेशी भाषामा मानव अधिकार परामर्श डायल" को प्रयोग गर्नुहोस्। अंग्रेजी, चिनियाँ, कोरियन, फिलिपिनो, पोर्चुगिज, भियतनामिज, नेपाली, स्पेनिश, इन्डोनेसियन र थाई भाषामा सेवा उपलब्ध छ।

- सोमबार~शुक्रबार 9:00 am~5:00 pm (वर्षको अन्त्य तथा सुरुको अवधि बाहेक)
- निशुल्क　फोनद्वारा
- विदेशी भाषामा मानव अधिकार परामर्श डायल (नाभी-डायल) ☎ 0570-090911

···· कहिले　···· रकम　···· कति जना　···· आवेदन दिने तरिका　···· कहाँ　···· आवेदन दिने ठाउँ　···· सम्पर्क

# 【हानेदा इनोभेसन सिटी (HICity) आसियु (फुटबाथ) स्काइ डेकको परिचय】


©Ota City

हानेदा विमानस्थलको छेउमा भएको तेन्कुबासी स्टेसनसँग जोडिएको "हानेदा इनोभेसन सिटी" मा निशुल्क आसियु (फुटबाथ) लिन सकिन्छ। इभेन्टको बेला चलचित्र हेर्ने र DJ को साङ्गीतिक कार्यक्रम आदि आयोजना गरिने हुनाले यो हानेदा इनोभेसन सिटीको एक पनि लोकप्रिय स्थान हो। के तपाईं हवाईजहाज हेर्दै आसियु (फुटबाथ) को अनुभव गर्न चाहनुहुन्छ?

हानेदा इनोभेसन सिटी नयाँ प्रविधि र जापानको संस्कृतिलाई जापान लगायत विश्वभर फैलाउने सुविधा हो।
हानेदा इनोभेसन सिटीबारे अझ थाहा पाउन चाहने व्यक्तिहरू यहाँ जानुहोस् (हानेदा इनोभेसन सिटी HP)







5:30 am~11:30 pm  निशुल्क

हानेदा इनोभेसन सिटी जोन E रुफटप
ओता सहर हानेदा कुउको 1-1-4

विमानस्थल तथा सहर विकास शाखा
☎ 03-5744-1650 FAX 03-5744-1528

# 【बालबालिका भत्ताको वर्षको अन्त्य तथा नयाँ वर्षको सुरुको प्रक्रिया】

डिसेम्बर 29 तारिखदेखि जनवरी 3 तारिखसम्म काउन्टरमा बालबालिका भत्ताको आवेदन लिन सकिनेछैन। डिसेम्बरमा जन्मिएको बच्चा वा घर सरेको व्यक्तिले घर सरेको मिति (जन्म मिति र अघिल्लो ठेगाना भएको ठाउँबाट सर्ने योजना भएको मिति) को भोलिपल्टदेखि 15 दिन भित्र आवेदन दिनुहोस्।
संलग्न गर्नुपर्ने सबै कागजातहरू नभएको अवस्थामा पनि आवेदन लिइने हुनाले म्याद भित्र आवेदन दिनुहोस्।

बाल सेवा सहायता शाखाको बाल चिकित्साको सम्बन्धित कर्मचारीलाई विद्युतीय आवेदन अथवा हुलाक मार्फत आवेदन दिनुहोस्।
विस्तृत जानकारीको लागि ओता सहरको होमपेज हेर्नुहोस्।

बाल सेवा सहायता शाखा
☎ 03-5744-1275



## ["सुरक्षित तरिकामा साइकल प्रयोग गर्दा पालना गर्नुपर्ने पाँच नियमहरू" को पालना गरौं]

1. सामान्यतया सवारी मार्गमाको बायाँ पट्टी चलाउने।
केही तोकिएका ठाउँहरूमा मात्र पैदल मार्गमा चलाउने र पैदल यात्रीलाई प्राथमिकता दिने।
2. दुई वा सोभन्दा धेरै बाटोहरूको मिलन भएको चोक आदिमा ट्राफिक लाइटको पालना गर्ने र एक पटक रोकेर सुरक्षा निश्चय गर्ने।
3. राती लाइट बाल्ने।
4. मदिरा सेवन गरेर चलाउन निषेध गरिएको छ।
5. हेल्मेट लगाउने।

2022 साल नोभेम्बर 1 तारिखमा संशोधन गरियो।



शहरी पूर्वाधार विकास व्यवस्थापन शाखा
☎ 03-5744-1315 FAX 03-5744-1527

## [हामीले माइ-नम्बर कार्डको आवेदनको लागि सहयोग गरिरहेका छौं]

ओता सहर माइ-नम्बर कार्ड सेन्टरमा माइ-नम्बर कार्डको आवेदनमा आवश्यक अनुहारको फोटो निशुल्क खिच्नेदेखि आवेदनसम्म सहयोग गर्ने आवेदन सहयोग सेवा दिने काम भइरहेको छ।
परिचय खुल्ने कागजात (रेजिडेन्स कार्ड, विशेष स्थायी बसोबासी (पिआर) प्रमाणपत्र आदि) लिएर आफै आउनुहोस्।

सोमबार~शुक्रबार: 9:00 am~6:30 pm
शनिबार र आइतबार: 9:00 am~4:30 pm
* तर महिनाको तेस्रो शनिबार र त्यसको भोलिपल्टको आइतबार, सार्वजनिक बिदाको दिन र वर्षको अन्त्य तथा सुरुको अवधि बन्द हुनेछ।

ओता सहर माइ-नम्बर कार्ड सेन्टर (ओता सहर सान्नो 2-3-7)

निशुल्क

(1) फोनमार्फत नाम लेखाउनको लागि
सम्पर्क स्थानमा फोन गर्नुहोस्।
(2) होमपेजबाट नाम लेखाउनको लागि
सम्पर्कको URL बाट नाम लेखाउने साइटमा जानुहोस्।

ओता सहर माइ-नम्बर कल सेन्टर
(सोमबार~शुक्रबार 9:00 am~5:00 pm)
* जापानी, अंग्रेजी, चिनियाँ र कोरियन भाषामा सेवा उपलब्ध छ।
* शनिबार, आइतबार र सार्वजनिक बिदाको दिन तथा वर्षको अन्त्य तथा सुरुको अवधि बिदा हुनेछ।
☎ 0570-03-3370 FAX 050-3737-9318

माइ-नम्बर कार्ड आवेदन सहयोग सेवाबारे

आवेदन सहयोगको लागि इन्टरनेमा नाम लेखाउने

···· कहिले ···· रकम ···· कति जना ···· आवेदन दिने तरिका ···· कहाँ ···· आवेदन दिने ठाउँ ···· सम्पर्क

# 【वर्षको अन्त्य तथा सुरुको अवधिमा स्रोतको रूपमा पुनःप्रयोग गर्न सकिने फोहोर र सामान्य फोहोरहरूको सङ्कलनबारे】

डिसेम्बर 31 तारिख (शनि)~जनवरी 3 तारिख (मंगल) बीचको अवधि सम्पूर्ण सङ्कलन बिदा हुनेछ। नयाँ वर्ष सुरु भएपछि, जनवरी 4 तारिख (बुध) देखि सामान्य रूपमा सङ्कलन गरिनेछ। वर्षको अन्त्य तथा सुरुको अवधिमा, सामान्य दिनहरू भन्दा सङ्कलन समय र सङ्कलन कोर्समा ठूलो परिवर्तन गर्न सकिने अवस्थाहरू हुने हुनाले, स्रोतको रूपमा पुन: प्रयोग गर्न सकिने फोहोर र सामान्य फोहोरहरू फाल्नको लागि निकाल्ने समयको सन्दर्भमा, सङ्कलन गरिने दिन बिहान 8 बजे सम्ममा सङ्कलन स्थानमा राख्नुहुन अनुरोध गर्दछौं।

| सङ्कलन महिना / सङ्कलन गरिने कुराहरू | | | 2022 साल डिसेम्बर | 2023 साल जनवरी |
|---|---|---|---|---|
| स्रोतको रूपमा पुनःप्रयोग गर्न सकिने फोहोर (सिगेन गोमी) | | | 30 तारिख (शुक्र) सम्म सामान्य रूपमा सङ्कलन गरिनेछ। | 4 तारिख (बुध) देखि सामान्य रूपमा सङ्कलन गरिनेछ। |
| जल्ने फोहोर | | | | |
| वर्गीकरण | | | वर्षको अन्तिम दिन | वर्षको सुरुको दिन |
| नजल्ने फोहोर | महिनाको पहिलो र तेस्रो | सोमबार इलाका | 19 तारिख (सोम) | 16 तारिख (सोम) |
| | | मंगलबार इलाका | 20 तारिख (मंगल) | 17 तारिख (मंगल) |
| | | बुधबार इलाका | 21 तारिख (बुध) | 4 तारिख (बुध) |
| | | बिहीबार इलाका | 15 तारिख (बिही) | 5 तारिख (बिही) |
| | | शुक्रबार इलाका | 16 तारिख (शुक्र) | 6 तारिख (शुक्र) |
| | | शनिबार इलाका | 17 तारिख (शनि) | 7 तारिख (शनि) |
| | महिनाको दोस्रो र चौथो | सोमबार इलाका | 26 तारिख (सोम) | 9 तारिख (सोमबार र सार्वजनिक बिदाको दिन) |
| | | मंगलबार इलाका | 27 तारिख (मंगल) | 10 तारिख (मंगल) |
| | | बुधबार इलाका | 28 तारिख (बुध) | 11 तारिख (बुध) |
| | | बिहीबार इलाका | 22 तारिख (बिही) | 12 तारिख (बिही) |
| | | शुक्रबार इलाका | 23 तारिख (शुक्र) | 13 तारिख (शुक्र) |
| | | शनिबार इलाका | 24 तारिख (शनि) | 14 तारिख (शनि) |
| ठूलो आकारको फोहोर आवेदन दिनुपर्ने/शुल्क लाग्नेछ | | | 【आवेदन स्थान】 ओता सहर, ठूला आकारको फोहोर सङ्कलन केन्द्र ☎03-5465-5300 (8:00 am~7:00 pm/शनिबार, आइतबार र सार्वजनिक बिदाको दिन पनि खुला रहनेछ।) तर डिसेम्बर 29 तारिख (बिही)~जनवरी 3 तारिख (मंगल) भने बन्द रहनेछ। | |

| | | |
|---|---|---|
| सरसफाइ शाखा | ☎ 03-5744-1628 | FAX 03-5741-1550 |
| ओमोरी सरसफाइ कार्यालय | ☎ 03-3744-3811 | FAX 03-3775-6028 |
| खामाता सरसफाइ कार्यालय | | |
| (च्योफु इलाका) | ☎ 03-6459-8201 | FAX 03-6459-8597 |
| (खामाता इलाका) | ☎ 03-6451-9535 | FAX 03-6451-9623 |



©Ota City

प्रकाशन ओता अन्तर्राष्ट्रिय शहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
〒144-0052 ओता सहर कामाता 4-16-8 2F ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) ☎ 03-5744-1227 FAX 03-5744-1323
हामीले यो जानकारीपत्र वर्षमा 8 पटक 6 भाषाहरू (सजिलो जापानी, अंग्रेजी, चिनियाँ, नेपाली, टगालोग र भियतनामिज) मा प्रकाशन गरिरहेका छौं।
यो जानकारीपत्र पुस्तकालय, बाल भवन, विशेष उपशाखा जस्ता सहरका सुविधाहरू र JR खामाता, ओमोरी, केइक्यु खामाता जस्ता सहर भित्रका प्रमुख स्टेसनहरूमा वितरण गरिन्छ।